# रत्ननगर नगरपालिकाको सार्वजनिक सुनुवाईको प्रतिबेदन

सार्वजनिक सुनुवाइ संयोजन गर्ने :– सुसुचीत मिडिया प्रा लि रत्ननगर

सुनुवाइ गरिएका विषयवस्तुहरु

क) सेवा सम्बन्धी
ख) पूर्वाधार विकास
ग) शिक्षा
घ) कृषी

कार्यक्रम आयोजना स्थल :– रत्ननगर नगरपालिकाको कार्यालय परिसर

कार्यक्रम आयोजना गरिएका मिति र समय :– २०७८ पौष २२ गते
कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :– ५ घण्टा ४५ मिनेट

## उठेका प्रश्न/जिज्ञासा र उत्तर

| क्र सं | प्रश्नकर्ता को नाम, थर र ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारी | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १ | ज्ञानप्रसाद पौडेल<br>र न पा १ | २ कठ्ठा मात्रै जग्गाहुनेले अनुदानको मल नपाउने हो?<br><br>भत्तिनि बगैंचा क्षेत्रमा लाईन धेरै काट्ने कारण के हो? | प्रबिन लामा कृषी शाखा प्रमुख<br><br>नबिनकुमार लाभ बिधुत प्रधिकरण रत्ननगर बितरणकेन्द्र प्रमुख | क्षेत्रफलको आधारमा मल बितरण गरीएको छैन, सबै किसानले मल पाउछन, नगरपालिकाले प्राङ्गारिक मललाई प्रोत्साहन गर्न गोबर मल समेत अनुदानमा दिरहेको छ ।<br><br>लाईन काट्ने समस्याको जानकारि कार्यलयमा अहिले सम्म आएको थिएन बुझेर समस्या समाधान गर्ने प्रयास गर्ने छु |
| २ | फुलकुमाली लामा<br>र न पा १२ | भुमिहिनहरुले लालपुर्जा कहिले पाउने हो?<br><br>अनुदानको पैसा कस्तो मानिसहरुले पाउने हो? | नारायण वन<br>नगर प्रमुख<br><br>प्रबिन लामा<br>कृषी शाखा प्रमुख | केन्द्र सरकारको कारण लालपुर्जा दिन सकिएन, जग्गा नापको कार्ड भने छिट्टै बितरण गर्ने छौ<br><br>अनुदान बितरणगर्दा परेको निबेदनको आधारमा अनुगन समितिले निर्णय गरेको आधारमा । |
| ३ | दिपक थापा<br>र न पा १३ उत्तर | सार्वजनिक सुनुवाईको सुचाना किन दिईएन? लौरीघोललाई सिमसार क्षेत्र बनाउनेयोजना काहा पुग्यो? | नारायण वन<br>नगर प्रमुख | सबै वडाको टोल बिकाश समितिका अध्यक्षहरुलाई खबर गरिएको थियो, प्रदेश सरकारको २० लाख बजेट परेको छ काम सुरु हुदै छ |
| ४ | शिवकान्त पौडेल<br>र न पा १० | मतदाता परिचय पत्र बनाउन वाड वाडमा | शिशिर पौडेल प्रमुख प्रशासकिय अधिकृत | यो व्यबस्था केन्द्र सरकार मार्फत हुने भएकोले निर्वाचन कार्यालयलाई सुझावलेखि पठाउने छौ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | जानुपर्यो जनताले दुख पाए | | |
| ५ | किशोर बगाले<br>र न पा १२ | किशान हरुसंग नगरपालिकाले छल्फल किन गर्दैन ? अनुदानमा आएको गाई निशुल्क दिनु पर्यो ५०% रकम लिनु भएन | शालिकराम पौडेल<br>पशुसाखा प्रमुख | रत्ननगर नगरपालिकाले प्रयाप्त रुपमा किशान हरु संग सहकार्य गरेको छ बिभिन्न समयमा किसान संग अन्तरक्रिया गरेको छ , अनुदान ५०% प्रतिशतमा नै संचालन गर्नुपर्ने सरकारको निति भएकोले आफुहरुले निशुल्क गर्न सकिएको छैन |
| ६ | गणेश अधिकारी<br>र न पा ७ | हामि पहिले वडा नम्बर ७ मा थियौं पछि ८ मा सारियो हामिलाई ७ मै राखियोस | लालबहादुर भट्ट वडा अध्यक्ष वडा नम्बर ७ | नगरपरिसदमा कुराराखेका छौ यो बिषय नगरपरिसदको बैठकले टुङ्गो लगाउला |
| ७ | गोबिन्द प्रसाद खनाल<br>र न पा ९ | उधमि हरुलाई प्रोत्साहन गर्नु पर्यो , एकिकृत उधोग ग्राम संचालन गर्नु पर्यो, रोजगारी श्रीजना हुनुपर्यो | नारायण वन नगर प्रमुख | नव उधमिहरुलाई प्रोत्साहन गर्न मेयर संग रोजगारकार्यक्रम संचालन गरिएको छ, सार्वजनिक जग्गाको<br>खोजी र संरक्षण गर्दै एकिकृत ग्राम बनाउन व्यबसायी हरु संग हातेमालो गर्न तयार छौ |
| ८ | मेघनाथ पौडेल<br>र न पा ९ | मोहना मा बि को ११ र १२ कक्षा किन बन्द गरियो ? | बद्रि भट्टराई<br>शिक्षा साखा प्रमुख | बिधालयको आफनो श्रोत नभएको र केन्द्र बाट दरबन्दि नदिएको तथा बिध्यार्थी संख्या समेत न्युन रहेको र मर्ज गर्दा समस्या सामाधान हुने भएकोले यसो गरिएको हो |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | मेघनाथ पौडेल<br>र न पा ९ | बिकाश निर्माणको १० लाख सम्मको बजेटमा पनि किन टेण्डर खोलियो ? | शिशिर पौडेल<br>प्रमुख प्रशासकिय अधिकृत | टेण्डर सबैमा गरिएको छैन कुनै परियोजनामा उपभोत्ताले लगानि साझेदार गर्न नचाहने गरेको ले सिदै टेण्डरमा जानुपर्ने हुन्छ अन्यथा २० लाख भन्दा तलको काममा उपभोत्ता समिति मार्फत नै काम गरिएको छ |
| ९ | टिकारज खनाल<br>र न पा १ | फोहोर किन नियमित उठ्दैन? | शिशिर पौडेल<br>प्रमुख प्रशासकिय अधिकृत | नियमित नउठेमा कार्यलयमा जानकारी दिनुहोला ठेकेदार संग बुझेर नियमित गराउने छु |
| १० | सुर्यप्रसाद ओझा<br>र न पा ९ | कृषि प्राबिधिक हरुको कमि भयो ? | प्रबिन लामा कृषी शाखा प्रमुख | कमि भए पनि माग भएको खण्डमा किसानको खेत बारिमा नै पुगेर सेवा दिदै आइरहेका छौ अहिले बैरिया मा बि मा कृषी र पशुको बिषयमा पढाई सुरु भएकोले बिस्तारै जनशत्ती उत्पादन हुदै जाने छ |
| | | | | |
| ११ | जनक सिंखडा<br>र न पा २ | वडा नम्बर २ मा पोहोर साल ग्राबेल गर्नको लागि सम्झौता भयो तर भोलि पल्टनै ग्राबेल बन्द भयो यो बर्ष फेरि ग्राबेलको लागी बजेट पर्छकि पर्दैन? | तिलक शर्मा पौडेल वडा अध्यक्ष वडा नम्बर २ | पोहोर साल ग्राबेलको लागे सम्झौता हुना साथै बन्द भएको ले यस बर्ष सोहि स्थान्को लागि बजेट छुट्याई सकिएको छ छिट्टै काम सुरु गर्ने छौ |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १२ | केदार शर्मा<br>र न पा १० हाम्रो | नगरपालिका ले आफु संग भएको सवारी साधन थन्काएर बाहिर बाट भाडामा ल्याउने गरेको छ किन | शिशिर पौडेल<br>प्रमुख प्रशासकिय अधिकृत | सवारि साधन थन्किएको छैन सबै चालु छन नपुगेको वा आवस्यक्ताको अवस्थामा मात्रै भाडामा ल्याउने गरिएको छ |
| १३ | ईस्वरराज अधिकारि<br>र न पा ८ | वडा नम्बर ८मा बन्ने भनेको वाटर किगंडमको काम कुन चरणमा पुग्यो ? | नारायण वन नगर प्रमुख | ८ नम्वर र ७ नम्वरको सिमानामा पर्ने गरि प्रकृया अघाडि बडाईएको छ डिपिआर बनिसकेको अवस्थामा ८ नम्वरका साथीहरुले कुरा नबुभ्दा ढिलो भयो |
| १४ | सुर्जु दराई<br>र न पा ११ | मतदाता नामावलिमा आउदा पौष १८ गते राति ९ बजे सम्म बस्नु पर्य त्यतिबेला आफुलाइ कर्मचारि बताउने मान्छे ले मदिरा सेवन गरेर आई हामिलाई थर्काउने काम भयो | इन्द्रबहादुर राना मगर<br>इलाका प्रहरि कार्यालय रत्ननगर प्रमुख | हामि अनुसन्धान गरेर अभद्र व्यवहार गर्ने जो को हि लाई छिट्टै कार्वाहि गर्ने छौ |
| १५ | उर्मिला पासवान<br>र न पा ९ बिपन्न | महिला हरुको समुहले गरेको बुगुंर पालनलाई के कस्तो सेवा पाईन्छ | शालिकराम पौडेल<br>पशुसाखा प्रमुख | निशुल्क प्राविधिक सेवा दिन्छौ, अनुदान लगायतको सेवाको लागि कार्यलयमा स्म्पर्क राख्नुस |

Scanned with CamScanner